वार्षिक प्रगति प्रतिवेदन


२०८२/०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, धनुषा
(धनुषा, सप्तरी, सिरहा, महोत्तरी)

फोन नं. ०४१-५९०८०४
ईमेलः scodhanusha@gmail.com

“वार्षिक प्रगति प्रतिवेदन”

२०८२/०८३



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, धनुषा

(धनुषा, सप्तरी, सिरहा, महोत्तरी)

फोन नं.-०४१ ५९०८०४

ईमेलः scodhanusha@gmail.com

बिषय-सूची

खण्ड एकः तथ्याङ्क समन्वय कार्यालयको परिचय

१.१ पृष्ठभूमि.....१
१.२ तथ्याङ्क समन्वय कार्यालयको मुख्य कार्यहरु.....२
१.३ तथ्याङ्क समन्वय कार्यालयको कार्य विवरण.....२
१.४ तथ्याङ्क समन्वय कार्यालयहरूको शाखागत कार्य विवरण
१.४.१ तथ्याङ्क शाखा.....३
१.४.२ प्रशासन शाखा.....३
१.५ कार्यालयको कर्मचारी संगठन संरचना चार्ट तथा स्वीकृत दरबन्दी विवरण.....४
१.६ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको सेवा प्रदान गर्ने शाखा तथा जिम्मेवार व्यक्तिहरुको विवरण.....५
१.७ कार्यसम्पादनका आधारहरु ६
१.७.१ संवैधानिक आधार ६
१.७.२ तथ्याङ्क ऐन, २०७९ .....६
१.७.३ तथ्याङ्क नियमावली, २०८० .....७
१.७.४ संगठनात्मक मान्यता ७
१.७.५ अन्य आधारहरु ७

खण्ड दुईः जनसाङ्ख्यिक विवरण

२.१ जनसाङ्ख्यिक विवरण ८
२.२ जिल्ला अनुसार साक्षरता दर ९
२.३ अनुपस्थित (स्वदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या ९
२.४ अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या १०
२.५ जिल्ला अनुसार जनसङ्ख्यामा भएको परिवर्तन तथा वार्षिक जनसङ्ख्या वृद्धिदर १०
२.६ जिल्ला अनुसार जनसङ्ख्या तथा लैङ्गिक अनुपात १०
२.७ गाउँपालिका र नगरपालिका अनुसार जनसङ्ख्याको विवरण ११
२.८ उमेर समुह अनुसार जनसङ्ख्या विवरण १२

ग्राफहरु

ग्राफ २.१ साक्षरता दर ९
ग्राफ २.२ जिल्ला अनुसार जनसङ्ख्या ११

खण्ड तीनः वार्षिक कार्यक्रम, भौतिक तथा वित्तीय प्रगति

३.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालित तालिम तथा गोष्ठी कार्यक्रममा यस कार्यालयबाट सहभागी कर्मचारीहरूको विवरण १३
३.२ तथ्याङ्क समन्वय कार्यालय, धनुषाबाट सञ्चालित तालिम तथा गोष्ठी तथा अन्य कार्यक्रमहरुको विवरण.....१५
३.३ आ.व.२०८२/०८३ को कार्यक्रमको प्रगति.....१६

३.४ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित मुख्य कार्यहरु र उपलब्धीहरु.....१९
३.५ आ.व.२०८२/०८३ को भौतिक तथा वित्तिय प्रगति.....२०
३.६ राजस्व संकलन २०
३.७ अनुगमन तथा निरीक्षण २१

खण्ड चारः जिन्सी सम्बन्धी विवरण

४.१ आ.व.२०८२/०८३ को खर्च भएर नजाने जिन्सी मालसामानको विवरण.....२२
४.२ अभिलेख व्यवस्थापन २३
४.२.१ निर्णय फाइलहरुको अभिलेख २३
४.२.२ प्रकाशन तथा प्रतिवेदनहरुको अभिलेख ब्यवस्थापन २३

खण्ड पाँचः जनशक्ति सम्बन्धी विवरण

५.१ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको दरबन्दी विवरण.....२४
५.२ तथ्याङ्क समन्वय कार्यालय, धनुषामा कार्यरत कर्मचारीहरूको विवरण.....२४

खण्ड छः विविध

६.१ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको स्थापना भएपछि हालसम्मका कार्यालय प्रमुखहरुको विवरण २६
६.२ पुस्तकालयको स्थापना र प्रयोग.....२६
६.३ तथ्याङ्कीय परामर्श.....२६
६.४ अन्य कार्य २७
६.५ सूचना अधिकारी २७
६.६ सूचना प्रविधि.....२७
६.७ समस्या र समाधानका उपाय २८
६.७.१ समस्या.....२८
६.७.२ समाधानका उपाय २८

अनुसुचीहरु

अनुसुची १. नागरिक वडापत्र ३०
अनुसुची २. कार्यालयसम्म जाने नक्सा.....३१
अनुसुची ३. आ.व. २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित प्रकाशनहरु ३१
अनुसुची ४. आ.व. २०८२/८३ मा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम ३१
अनुसुची ५. तथ्याङ्क दिवस कार्यक्रम ३२

तस्विरहरू ३३

खण्डः एक
तथ्याङ्क समन्वय कार्यालयको परिचय

१.१ पृष्ठभूमि

विगतमा केन्द्रीय तथ्याङ्क विभाग (CBS) तथ्याङ्क ऐन, २०१५ अन्तर्गत तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन र वितरणका लागि केन्द्रीय निकायको रुपमा वि.सं. २०१५ साल पुष १७ गते स्थापना भएको थियो। यो विभाग सुरुमा अर्थ मन्त्रालय, त्यसपछि अर्थ आर्थिक विषय मन्त्रालय अन्तर्गत रहदै पछिल्लो समय राष्ट्रिय योजना आयोग मातहत रहेर कार्य सम्पादन गरेको थियो। यसले मुख्यतया जनगणना र सर्वेक्षणमार्फत समयसापेक्ष र भरपर्दो सामाजिक-आर्थिक तथ्याङ्कहरु उत्पादन गर्दै आएको तथ्य स्मरणीय छ। केन्द्रीय तथ्याङ्क विभाग स्थापना गर्नुको मुख्य उद्देश्य आवधिक विकास योजना, नीति तर्जुमा र निर्णयमा आवश्यक तथ्याङ्क राष्ट्रिय योजना आयोग र अन्य सरकारी निकायहरुलाई उपलब्ध गराउनु थियो। वि.सं. २०७९ भाद्र २८ मा नयाँ तथ्याङ्क ऐन, २०७९ जारी गरियो। यस ऐनले विगतको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति गर्ने प्रावधान राख्यो। फलस्वरुप वि.सं.२०७९ असोज २७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भयो। हाल यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ। साविकको केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय) को कार्य सम्पादनमा सहयोग पु-याउने उद्देश्यले सो विभाग मातहत रहने गरी वि.सं. २०५० सालमा नेपाल अधिराज्यभरी ३३ वटा जिल्लामा विभिन्न जिल्लाहरुलाई कार्यक्षेत्र बनाई शाखा तथ्याङ्क कार्यालयहरुको स्थापना गरियो। सोही क्रममा वि.सं. २०५० साल श्रावण १ गते देखि धनुषा र सिराहा जिल्ला कार्यक्षेत्र रहने गरी शाखा तथ्याङ्क कार्यालय, धनुषाको स्थापना भएकोमा मिति २०७० साल चैत्र १ गते देखि कार्यालयको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, धनुषा भएको थियो। त्यसपछी मिति २०८१ साल साउन १ गते देखि तथ्याङ्क समन्वय कार्यालय, धनुषामा स्तरोन्नति भएको हो। यस कार्यालयले सप्तरी, सिराहा, धनुषा र महोत्तरी जिल्ला कार्यक्षेत्र हुने गरी तथ्याङ्क समन्वय कार्यालय, धनुषा जिल्लाको सदरमुकाम जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४, विद्यापति चोकमा स्थापित रहेको छ। तथ्याङ्क समन्वय कार्यालय, धनुषाको स्थापना पश्चात राष्ट्रिय तथा स्थानीय स्तरमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना एवं सर्वेक्षणहरुमा संलग्न हुनुको अतिरिक्त तथ्याङ्क समन्वय कार्यालय, धनुषाको आफ्नै वार्षिक कार्यक्रम सञ्चालन हुँदै आएको छ। जिल्लास्तरमा यस कार्यालयले सेवाग्राहीहरुलाई सर्वसुलभ रुपमा तथ्याङ्कीय सेवा उपलब्ध गराउँदै आएको छ। यस कार्यालयले मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालय, निर्देशनालय तथा अन्य निकायहरुको तथ्याङ्कको मागको आपूर्ति गर्दै आएको छ। मधेश प्रदेशका चारवटा जिल्लाहरु सप्तरी, सिराहा, धनुषा र महोत्तरीका विभिन्न स्थानीय तहहरुसंग तथ्याङ्कीय विषयमा समन्वय कायम गर्नुका साथै स्थानीय तहहरुलाई चाहिएको तथ्याङ्क उपलब्ध गर्दै आएको छ।

१.२ तथ्याङ्क समन्वय कार्यालयको मुख्य कार्यहरु

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो कार्यक्षेत्रमा सञ्चालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पु-याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने।
- तथ्याङ्क समन्वय कार्यालय, धनुषाको वार्षिक कार्यक्रम तोकिएको समयमा सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने।
- कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुको तथ्याङ्क प्रोफाइल तयार गर्ने।
- जिल्लाहरुमा आवश्यक तथ्याङ्क उपलब्ध भए नभएको मूल्याङ्कन गर्ने।
- जिल्ला स्तरीय तथ्याङ्क विकास कार्यक्रम बनाई केन्द्रमा पठाउने।
- वडा र गणना क्षेत्रको सिमाना, धरातल र घरपरिवारको निर्दिष्ट स्थान छुट्याउने गरी नक्साङ्कन गर्ने।
- जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरुको समन्वय गर्ने।

१.३ तथ्याङ्क समन्वय कार्यालयको कार्य विवरण

- कार्यक्षेत्र भित्रका स्थानीय तहबाट माग भई आएका तथ्याङ्क पूर्ति गर्न कार्यक्षेत्र भित्र आवश्यक गणना, सर्वेक्षण, अध्ययन अनुसन्धानको कार्य गर्ने।
- सम्बन्धित कार्यालय अन्तर्गत रहेका स्थानीय तहको तथ्याङ्कीय इकाई मार्फत तथ्याङ्क सम्बन्धी कार्यमा सहकार्य गर्ने।
- प्रदेशको वार्षिक तथा त्रैमासिक कूल गार्हस्थ उत्पादन तथा मूल्य सूचकाङ्क निर्माणका लागि आफ्नो कार्यक्षेत्र भित्रको आवश्यक तथ्याङ्क उपलब्ध गराउने।
- राष्ट्रिय स्तरमा संचालन हुने राष्ट्रिय गणना तथा सर्वेक्षणहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय गरी आफ्नो कार्यक्षेत्रभित्र व्यवस्थापन, जनशक्ति छनौट, तालिम तथा स्थलगत कार्य संचालन र सोसँग सम्बन्धित अन्य कार्यहरु गर्ने।
- स्थानीय तहको समन्वयमा National Data Profile (NDP) को कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- स्थानीय तहमा कार्यरत तथ्याङ्क सम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवधिकरुपमा प्रशिक्षण एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय तह एवम् सम्बद्ध निकायलाई आधिकारिक तथ्याङ्क उपलब्ध गराउने।
- राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने।
- स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरुसँग अन्तरनिकाय एवम् समन्वय गर्ने।

- राष्ट्रिय स्तरको तथ्याङ्क संकलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघसंस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क संकलन सम्बन्धी कार्यको अनुगमन गर्ने।
- स्थानीय तहमा हुने तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन तथा भण्डारणका विषयमा निर्धारित मानक तथा गुणस्तरको पालना भए नभएको अनुगमन गर्ने र राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले दिएको निर्देशन बमोजिमका काम गर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गतका महाशाखाबाट संचालित गणना तथा सर्वेक्षणका सम्बन्धमा उप-प्रमुख तथ्याङ्क अधिकारीबाट राय माग भएका फाइल/कागजातमा सम्बन्धित कानून, स्वीकृत ढाँचा, मापदण्ड, विधि र प्रकृया अनुरुप राय परामर्श उपलब्ध गराउने।

१.४ तथ्याङ्क समन्वय कार्यालयहरूको शाखागत कार्य विवरण

१.४.१ तथ्याङ्क शाखा

- प्रदेशमा संचालन हुने गणना, सर्वेक्षण र क्षमता विकास सम्बन्धी तालिम, कार्यशाला, गोष्ठीमा आवश्यक समन्वय गर्ने।
- गणना क्षेत्र नक्साङ्कन सम्बन्धी कार्यहरु गर्ने।
- प्रादेशिक तथ्याङ्क प्रकाशन, वितरण तथा तथ्याङ्कीय साक्षरता सम्बन्धी कार्य गर्ने।
- स्थानीय तहहरुसँग समन्वय गरी National Data Profile को कार्यन्वयन सम्बन्धी कार्य गर्ने।
- कार्यालयको नीति, योजना र कार्यक्रम तयार गर्ने तथा सोको प्रगति विवरण तयार गर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने गणना तथा सर्वेक्षणहरुको संचालन, व्यवस्थापन, सुपरिवेक्षण, तथ्याङ्क प्रविष्टि तथा प्रदेशस्तरीय प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।
- प्रदेश र स्थानीय तहका सम्बन्धित सूचकहरू समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन एवम् प्रोफाइल तयार गर्ने।
- प्रदेशको वार्षिक तथा त्रैमासिक कूल गार्हस्थ उत्पादन तथा मूल्य सूचकाङ्क निर्माण सम्बन्धी कार्य गर्ने।
- तथ्याङ्क समन्वय अधिकारीले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

१.४.२ प्रशासन शाखा


- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु गर्ने।
- पत्र व्यवहार, कर्मचारीको हाजिरी, विदा, काज आदिको विवरण अद्यावधिक गर्ने, अभिलेख राख्ने।

- खरिद, भण्डारण र माग फाराम स्वीकृत भै आएका सामानहरु निकासा सम्बन्धी कार्य गर्ने।
- कार्यालयको भवन, मेसिनरी लगायत सबै साधनको मर्मत, संभार, लिलाम, मिनाहा र कार्यालय सरसफाई सम्बन्धी कार्यहरुको व्यवस्थापन गर्ने।
- कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।
- कार्यालयको खानेपानी, ढलनिकास, बिजुली तथा टेलिफोन व्यवस्था चालु राख्ने।
- तथ्याङ्क समन्वय अधिकारीबाट राय माग भएका फाइल/कागजातमा सम्बन्धित कानून, स्वीकृत मापदण्ड, विधि र प्रकृया अनुरुप राय परामर्श उपलब्ध गराउने।
- प्रमुख तथ्याङ्क अधिकारीबाट राय माग भएका फाइल/कागजातमा सम्बन्धित कानून, स्वीकृत मापदण्ड, विधि र प्रकृया अनुरुप राय परामर्श उपलब्ध गराउने।
- को.ले.नि.का. बाट स्वीकृत बजेट, अख्तियारी एवं कार्यक्रम बमोजिम समयमै निकासा प्राप्त गरी आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- कार्यालयको खर्चको फाँटवारी तथा वार्षिक आर्थिक प्रतिवेदनहरु तयार गरी प्रमाणित गराई सम्बन्धित निकायमा तत् तत् समयमा पेश गर्ने।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गराउने, कार्य सञ्चालन कोष अन्तर्गत खडा भएका कोष एवम् अन्य सरकारी कोषको हिसाब सम्बन्धित कार्यालयमा समयमै पेश गर्ने।
- बेरुजु फछ्यौंटका सिलसिलामा सम्बन्धित निकायहरुबाट प्राप्त निर्देशनहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने।
- शाखामा भुक्तानीका लागि प्राप्त हुने बिल भरपाई सहितका कागजातहरुको परीक्षण गरी तोकिएको समयावधि भित्रै भुक्तानी गर्ने।
- कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट सञ्चालन गर्न खाता सञ्चालन गर्ने।
- तथ्याङ्क समन्वय अधिकारीले निर्देशित गरेका अन्य कार्यहरु गर्ने।
-

१.५ कार्यालयको कर्मचारी संगठन संरचना तथा स्वीकृत दरबन्दी विवरण

तथ्याङ्क समन्वय कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह राजपत्राङ्कित द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको जिम्म्वारीमा रहने व्यवस्था छ। कार्यालयको कामलाई प्राविधिक शाखा र प्रशासन शाखा गरी दुई शाखामा विभाजन गरिएको छ। प्राविधिक शाखा र प्रशासन शाखामा रहने कर्मचारी संख्या र पदसहित तलको चार्टमा प्रस्तुत गरिएको छ।

तथ्याङ्क समन्वय कार्यालय, धनुषाको कर्मचारी संगठन संरचना



१.६ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको सेवा प्रदान गर्ने शाखा तथा जिम्मेवार व्यक्तिहरुको विवरण:

तथ्याङ्क समन्वय कार्यालय, धनुषामा आर्थिक बर्ष २०८२/०८३ मा जम्मा १६ जना कर्मचारीहरु कार्यरत रहेका थिए। कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण तथा सेवा प्रदान गर्ने शाखाहरु विस्तृत रुपमा तल प्रस्तुत गरिएको छ।

क्र.सं.	शाखा	जिम्मेवार व्यक्ति	पद	प्रदान गरिने सेवा	कैफियत
१	कार्यलय प्रमुख	शिव नारायण महतो	तथ्याङ्क समन्वय अधिकारी	निर्णय लिने तथा गुनासो सुन्ने	
२	प्राविधिक शाखा	प्रविण कुमार चौधरी	तथ्याङ्क अधिकृत	सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने	
३		महेश्वर बरई	तथ्याङ्क अधिकृत		
४		ज्ञानी शाह	सुपरिवेक्षक	तथ्याङ्क संकलन गर्ने र माग भए बमोजिमको तथ्याङ्क उपलब्ध गराउने	
५		प्रमोद कुमार मण्डल	सुपरिवेक्षक		
६		जितेन्द्र बैठा	सुपरिवेक्षक		
७		रुपेश कुमार झा	सुपरिवेक्षक		
८		विजय यादव	गणक		
९		अमरनाथ साह	गणक		
१०		राजेश कुमार साह	गणक		
११	प्रशासन शाखा	रंजित कुमार सिंह थारु	खरिदार	जिन्सी व्यवस्थापन गर्ने	
१२		मनोहर भगत	खरिदार	चिठी पत्र दर्ता, चलानी र अन्य	

				प्रशासनिक कार्य गर्ने	
१३		शंकर पण्डित	सह लेखापाल	लेखा सम्बन्धि सम्पूर्ण कार्य गर्ने	
१४		सेठलाल दास तत्मा	कार्यालय सहयोगी	कार्यालय सरसफाइ तथा चिठीपत्र विभिन्न कार्यालयमा पुर्याउने कार्य	
१५		अमित कर्ण	कार्यालय सहयोगी (करार)		
१६		दुखिया राईन	हलुका सवारी चालक	सवारी चलाउने कार्य	

१.७ कार्यसम्पादनका आधारहरु

कार्यालयको कार्यसम्पादन आधारका रुपमा नेपालको संविधान, तथ्याङ्क ऐन २०७९, तथ्याङ्क नियमावली २०८०, चालु आवधिक योजना, नेपाल सरकारको बजेट तथा कार्यक्रम, संगठनात्मक मूल्य मान्यता तथा प्रचलित कानुन रहेका छन्। कार्यालयबाट सम्पादन हुने तथ्याङ्कीय गतिविधिहरुको विश्वसनीयता, गुणस्तर, नियमितता, पारदर्शिता तथा समन्वय सुनिश्चित गर्न संवैधानिक, कानुनी, नीतिगत तथा संगठनात्मक आधारहरुको महत्वपूर्ण भुमिका रहेको छ। कार्यसम्पादनका प्रमुख आधारहरु देहाय बमोजिम रहेका छन्।

१.७.१ संवैधानिक आधार

नेपालको संविधानले तथ्याङ्क सम्बन्धी विषयलाई विशेष महत्वका साथ उल्लेख गरेको छ। यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई विकेन्द्रीत गरी संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई अनुसूची मार्फत स्पष्ट पारेको छ। संघको अधिकार क्षेत्रमा तथ्याङ्कको मानक र गुणस्तर (अनुसूची-५) कायम गर्ने विषय, प्रदेशको अधिकार क्षेत्रमा प्रदेश अन्तर्गतको तथ्याङ्क संकलन (अनुसूची-६), र स्थानीय तहले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, बेरोजगारी तथ्याङ्क संकलन (अनुसूची-८) तथा तीनै तहको साझा अधिकार सूची (अनुसूची-९) मा व्यक्तिगत घटना, जन्म-मृत्यु, बसाईसराई जस्ता विषय समावेश गरिएको छ। यहि अधिकार क्षेत्रभित्र रही तथ्याङ्कीय गतिविधिहरु सञ्चालन भैरहेका छन्।

१.७.२ तथ्याङ्क ऐन, २०७९

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालनको मुख्य आधारको रुपमा तथ्याङ्क ऐन, २०७९ अन्तर्गत देहायका प्रावधान समावेश गरिएको छ।

- तथ्याङ्कसम्बन्धी कार्य गर्ने केन्द्रीय निकायका रुपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहने व्यवस्था,

- राष्ट्रिय तथ्याङ्क परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था,
- तथ्याङ्क संकलक, उत्पादक तथा प्रयोगकर्ताको दायित्वसम्बन्धी व्यवस्था,
- तथ्याङ्क संकलनका लागि अनुमति लिनुपर्ने तथा अनुमति प्रदान गर्नेसम्बन्धी व्यवस्था गर्ने,
- तथ्याङ्कको गोपनीयता तथा व्यक्तिगत सूचनाको संरक्षणको व्यवस्था गर्ने,
- विद्युतिय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँचसम्बन्धी व्यवस्था,
- तथ्याङ्कको आधिकारीकता, गुणस्तर तथा उपयोगसम्बन्धी कानुनी व्यवस्था।

यस ऐनले तथ्याङ्क उत्पादन तथा व्यवस्थापनका क्षेत्रमा संघीय संरचना अनुकूल संस्थागत तथा कानुनी व्यवस्था सुनिश्चिच गरेको हुँदा तथ्याङ्क समन्वय कार्यालय, धनुषाको दैनिक तथ्याङ्कीय, समन्वयात्मक तथा प्रशासनिक कार्यसम्पादनका लागि समेत यो महत्वपूर्ण आधारका रुपमा रहेको छ।

१.७.३ तथ्याङ्क नियमावली, २०८०

मिति २०८१ बैशाख ३ गते नेपाल राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आएको तथ्याङ्क नियमावली, २०८० ले ७ वटा विस्तृत अनुसूचीको व्यवस्था गरेको छ जसमा आधिकारीक तथ्याङ्क उत्पादकको विवरण, सुक्ष्म कोरा तथ्याङ्क दस्तुर, अनुमति निवेदन, अनुमति पत्र प्रमाणिकरण निवेदन, प्रमाणपत्र समावेश छन्। यसका साथै तथ्याङ्कीय गुणस्तर निर्धारणका ढाँचाहरु, तथ्याङ्क संकलनका विधि र प्रक्रिया निर्धारण, तथ्याङ्कीय रजिष्टर तयार गर्ने, तथ्याङ्क उपलब्ध गराउनु व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुने लगायतका प्रावधान समावेश गरिएको छ।

१.७.४ संगठनात्मक मान्यता

राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठनात्मक मूल्य मान्यता, पेशागत आचरण, उत्तरदायित्व, सेवाग्राहीप्रतिको सम्मान तथा तथ्याङ्कको गोपनीयता र निष्पक्षताप्रतिको प्रतिबद्धता पनि कार्यालयको कार्यसम्पादनको आधारको रुपमा रहेको छ।

१.७.५ अन्य आधारहरु

नेपाल स्तरीय औद्योगिक वर्गिकरण, तथ्याङ्क सम्बन्धी अन्तराष्ट्रिय सिद्धान्त, परिभाषा र वर्गीकरणहरु, तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति तथा एकिकृत राष्ट्रिय तथ्याङ्क प्रणाली, चालु आवधिक योजना, आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त नीति, निर्देशन, अख्तियारी तथा कार्ययोजना, कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा उपलब्ध स्रोत-साधन समेत कार्यसम्पादनको आधारको रुपमा रहेका छन्।

खण्डः दुई
जनसाङ्ख्यिक विवरण

जनसाङ्ख्यिक विवरण भन्नाले कुनै क्षेत्र, देश, समाज वा समूहमा बसोबास गर्ने मानिसहरुको संख्या, संरचना, वितरण र तिनीहरुको विविध विशेषताहरुको अध्ययन वा विवरण हो। जनसाङ्ख्यिक विवरण सामाजिक विज्ञान, जनसङ्ख्या नीति निर्माण, योजना निर्माण, विकास कार्यक्रमको मूल्याङ्कन तथा आर्थिक विश्लेषणका लागि अत्यन्त महत्वपूर्ण हुन्छ। जनसंख्यिक विवरण कुनैपनि देशको समग्र सामाजिक, आर्थिक र राजनीतिक योजना निर्माणको मेरुदण्ड हो। यसले नीति निर्माताहरुलाई आवश्यक निर्णय लिन स्रोत साधनको उचित वितरण गर्न र दिगो विकासको बाटो पहिल्याउन मद्दत पु-याउँछ। सही र अद्यावधिक जनसाङ्ख्यिक विवरण विना दीर्घकालीन विकास सम्भव हुँदैन। जनगणना सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरु www.censusnepal.cbs.gov.np तथा www.nsonepal.gov.np को वेबसाइटबाट अध्ययन गर्न सकिन्छ। यहाँ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको कार्याक्षेत्रका चार जिल्लाहरु सप्तरी, सिरहा, धनुषा र महोत्तरीको जनसंख्यिक विवरणहरुलाई संक्षिप्तमा प्रस्तुत गरिएको छ।

२.१ जनसाङ्ख्यिक विवरण


विवरण	जिल्ला			
	सप्तरी	सिराहा	धनुषा	महोत्तरी
कुल जनसङ्ख्या	७,०६,२५५	७,३९,९५३	८,६७,७४७	७०६९९४
पुरुष	३५१३६८	३,६३,७२४	४,२९,८९३	३४९१५९
महिला	३५४८८७	३,७६,२२९	४,३७,८५४	३५७८३५
घरपरिवार सङ्ख्या	१४६८५४	१,४८,५७१	१,७७,१४३	१३७९०२
परिवारको औसत आकार	४.८१	४.९८	४.९०	५.१३
लैङ्गिक अनुपात	९९.०१	९६.६८	९८.१८	९७.५८
जनघनत्व	५१८	६२३	७३५	७०६
वार्षिक जनसङ्ख्या वृद्धि दर	०.९६	१.४३	१.३४	१.१४
कुल साक्षरता दर	६७.७	६५.१	६५.२	५९.८
पुरुष साक्षरता दर	७८.२	७४.८	७४.६	६८.४
महिला साक्षरता दर	५७.५	५६.०	५६.३	५१.५
अपाङ्गताका भएका जनसङ्ख्याको प्रतिशत	१.५	१.६	१.५	१.६
अपाङ्गताका भएका महिलाहरुको प्रतिशत	१.३	१.४	१.३	१.३
अपाङ्गताका भएका पुरुषहरुको प्रतिशत	१.८	१.९	१.७	१.९

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.२ जिल्ला अनुसार साक्षरता दर

राष्ट्रिय जनगणना २०७८ का अनुसार सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्ला मध्य ५ बर्ष भन्दा माथिका कुल साक्षरताका दृष्टिकोणले सबैभन्दा बढि साक्षर भएको जिल्ला सप्तरी हो जहाँ ६७.७ प्रतिशत साक्षरतादर रहेको छ भने धनुषामा ६५.२ प्रतिशत र सिरहामा ६५.१ प्रतिशत साक्षरतादर रहेको छ त्यसैगरी चार जिल्ला मध्य सबैभन्दा कम साक्षरतादर महोत्तरी जिल्लामा रहेको छ यहाँको कुल साक्षरतादर ५९.८ प्रतिशत रहेको छ। यसरी हेर्दा नेपालको कुल साक्षरतादर ७६.२ प्रतिशत रहेको छ भने यी चारवटै जिल्लाको साक्षरतादर नेपालको साक्षरतादर भन्दा कम रहेको देखिन्छ। यी चारवटै जिल्लामा पुरुषको साक्षरतादर महिलाको साक्षरतादर भन्दा बढी रहेको छ।

ग्राफ २.१ साक्षरता दर



२.३ अनुपस्थित (स्वदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या

क्षेत्र	अनुपस्थित (अक्सर स्वदेशमा बस्ने)			
	घरपरिवार	जनसङ्ख्या		
		जम्मा	पुरुष	महिला
सप्तरी	९९७२	२३५४८	१५४३५	८११३
सिराहा	६६१६	१५२७५	९८८४	५३९१
धनुषा	९३७८	२३०९०	१४३३२	८७५८
महोत्तरी	७८७०	२०३५४	१२८०९	७५४५

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४ अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या

क्षेत्र	अनुपस्थित (अक्सर विदेशमाबस्ने)			
	घरपरिवार	जनसङ्ख्या		
		जम्मा	पुरुष	महिला
सप्तरी	२८७८३	३३५१०	३२३३८	११७२
सिराहा	४७९३५	५६४९१	५५५३०	९६१
धनुषा	६१०००	७३६८८	७१९२०	१७६८
महोत्तरी	४२४३६	५२६७४	५१०७०	१६०४

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.५ जिल्ला अनुसार जनसङ्ख्यामा भएको परिवर्तन तथा वार्षिक जनसङ्ख्या वृद्धिदर

क्षेत्र	जम्मा जनसङ्ख्या		वार्षिक जनसङ्ख्या वृद्धिदर (%)	दश वर्षमा भएको परिवर्तन	
	२०६८	२०७८		परिवर्तन	प्रतिशत
सप्तरी	६३९२८४	७०६२५५	०.९६	६६९७१	१०.४८
सिराहा	६३७३२८	७३९९५३	१.४३	१०२६२५	१६.१
धनुषा	७५४७७७	८६७७४७	१.३४	११२९७०	१४.९७
महोत्तरी	६२७५८०	७०६९९४	१.१४	७९४१४	१२.६५


स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.६ जिल्ला अनुसार जनसङ्ख्या तथा लैङ्गिक अनुपात

क्षेत्र	जम्मा परिवार संख्या	जम्मा जनसङ्ख्या	पुरुष	प्रतिशत	महिला	प्रतिशत	लैङ्गिक अनुपात
सप्तरी	१४६८५४	७०६२५५	३५१३६८	४९.७५	३५४८८७	५०.२५	९९.०१
सिराहा	१४८५७१	७३९९५३	३६३७२४	४९.१६	३७६२२९	५०.८४	९६.६८
धनुषा	१७७१४३	८६७७४७	४२९८९३	४९.५४	४३७८५४	५०.४६	९८.१८
महोत्तरी	१३७९०२	७०६९९४	३४९१५९	४९.३९	३५७८३५	५०.६१	९७.५८

स्रोतः राष्ट्रिय जनगणना, २०७८

ग्राफ २.२ जिल्ला अनुसार जनसङ्ख्या



२.७ गाउँपालिका र नगरपालिका अनुसार जनसङ्ख्याको विवरण

क्षेत्र		घरपरिवारको संख्या	जनसङ्ख्या		
			जम्मा	पुरुष	महिला
सप्तरी	जम्मा	१४६८५४	७०६२५५	३५१३६८	३५४८८७
	नगरपालिका जनसङ्ख्या	९२५०६	४४२७८२	२१९३८२	२२३४००
	गाउँपालिका जनसङ्ख्या	५४३४८	२६३४७३	१३१९८६	१३१४८७
सिराहा	जम्मा	१४८५७१	७३९९५३	३६३७२४	३७६२२९
	नगरपालिका जनसङ्ख्या	१०४१८४	५१४१७१	२५२६९९	२६१४७२
	गाउँपालिका जनसङ्ख्या	४४३८७	२२५७८२	१११०२५	११४७५७
धनुषा	जम्मा	१७७१४३	८६७७४७	४२९८९३	४३७८५४
	नगरपालिका जनसङ्ख्या	१४६१८१	७१२६३८	३५३९४४	३५८६९४
	गाउँपालिका जनसङ्ख्या	३०९६२	१५५१०९	७५९४९	७९१६०
महोत्तरी	जम्मा	१३७९०२	७०६९९४	३४९१५९	३५७८३५
	नगरपालिका जनसङ्ख्या	१०३५५६	५२४१८१	२५८२७६	२६५९०५
	गाउँपालिका जनसङ्ख्या	३४३४६	१८२८१३	९०८८३	९१९३०

स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.८ उमेर समुह अनुसार जनसङ्ख्या विवरण

उमेर समुह	सप्तरी	सिराहा	धनुषा	महोत्तरी
०–४ वर्ष	६६९०४	७९२१८	९५७३७	७५३३०
५–९ वर्ष	७२५३७	८६०४४	९९९०६	८३११०
१०–१४ वर्ष	७०९३६	७९७४१	९४३२९	८२०७६
१५–१९ वर्ष	६९०७३	७३२१२	८५०७७	७३४२२
२०–२४ वर्ष	६७१२८	६८८९८	८०७४९	६३६१३
२५–२९ वर्ष	५७३२८	५७६३३	६९२३८	५४३२६
३०–३४ वर्ष	४७९१३	४७९९०	५६२७१	४५०२२
३५–३९ वर्ष	४९८६३	४९२८०	५६९१२	४५६५३
४०–४४ वर्ष	४००१७	३८४७५	४३५६२	३६०८८
४५–४९ वर्ष	३३५८९	३३०३३	३७५३५	३०९६७
५०–५४ वर्ष	३२२४६	३०६९६	३५२०८	२८२५७
५५–५९ वर्ष	२५०६८	२४७४३	२८७१७	२२६५२
६०–६४ वर्ष	२१८६३	२२२६३	२७२७५	२११३३
६५–६९ वर्ष	२००६४	२०२८६	२४२०९	१९३३६
७०–७४ वर्ष	१८०८१	१६३५१	१९३७९	१५१७६
७५–७९ वर्ष	८६८५	७२४३	८१३२	६४९३
८०–८४ वर्ष	२६८६	२५७९	२९९२	२३३२
८५–८९ वर्ष	१२२१	११७७	१३२५	१०७४
९०–९४ वर्ष	५३८	५७३	६३१	४६०
९५ वर्ष वा सो भन्दा बढी	५१५	५१८	५६३	४७४
जम्मा जनसङ्ख्या	**७०६२५५**	**७३९९५३**	**८६७७४७**	**७०६९९४**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

खण्डः तीन

वार्षिक कार्यक्रम, भौतिक तथा वित्तीय प्रगति

३.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालित तालिम तथा गोष्ठी कार्यक्रममा यस कार्यालयबाट सहभागी कर्मचारीहरूको विवरण

क्र.सं.	तालिम/गोष्ठीको नाम	मिति		स्थान	सहभागी कर्मचारीको नाम
		देखि	सम्म		
१	आ.व. २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी	२०८२।०४।१७	२०८२।०४।१९	धुलिखेल, काभ्रे	शिव नारायण महतो
२	निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सुचीकरण सम्बन्धी तालिम	२०८२।०५।११	२०८२।०५।१४	लालगढ, धनुषा	अमरनाथ साह
					रंजित कुमार सिंह थारु
					शिव नारायण महतो
३	सहकारी सर्वेक्षण प्रश्नावली तथा निर्देशिका निर्माण सम्बन्धी कार्यक्रम	२०८२।०५।११	२०८२।०५।१५	लुम्ले, कास्की	महेश्वर बरई
४	JICA को आयोजनामा KCCP Monitoring SDGs कार्यक्रम	२०८२।०५।२०	२०८२।०७।१५	जापान	शिव नारायण महतो
५	सहकारी सर्वेक्षण नमुना छनौट सम्बन्धी कार्यक्रम	२०८२।०७।२२	२०८२।०७।२५	शुक्लागण्डकी, तनहुँ	महेश्वर बरई
६	सहकारी सर्वेक्षणको प्रश्नावली परिक्षण तथा अभिमुखीकरण कार्यक्रम	२०८२।०८।२२	२०८२।०८।२६	नक्टाझिज, धनुषा	महेश्वर बरई
					ज्ञानी शाह
					रुपेश कुमार झा
					शंकर पंडित
					विजय यादव
					अमरनाथ साह
					राजेश कुमार साह
					रंजित कुमार सिंह थारु
७	CSPro सफ्टवेयर	२०८२।०९।०७	२०८२।०९।१२	धुलिखेल, काभ्रे	महेश्वर बरई

	सम्बन्धी तालिम				
८	उत्पादन तथा मूल्य तथ्याङ्क सूचकांक सम्बन्धी अभिमुखीकरण तालिम व्यवस्थापन	२०८२।०९।२७	२०८२।०९।२९	नक्टाझिज, धनुषा	शिव नारायण महतो
९	उत्पादन तथा मूल्य तथ्याङ्क सूचकांक सम्बन्धी अभिमुखीकरण तालिम	२०८२।०९।२७	२०८२।०९।३०	नक्टाझिज, धनुषा	ज्ञानी शाह जितेन्द्र बैठा मनोहर भगत
१०	तथ्याङ्क विश्लेषण गर्ने आर सफ्टवेयर (R-software) तालिम	२०८२।१०।०२	२०८२।१०।०७	धुलिखेल, काभ्रे	महेश्वर बरई
११	आ.व. २०८२/८३ को अर्धवार्षिक प्रगति समीक्षा कार्यक्रम, नेपाल स्थल यातायात सर्वेक्षण २०८२, व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२, निजी स्वास्थ्य सेवा प्रदायक सर्वेक्षण २०८२ र वन लेखा सम्बन्धी अधिकृतस्तरीय तालिम	२०८२।१०।०६	२०८२।१०।१०	काठमाडौं	शिव नारायण महतो
१२	नेपाल श्रमशक्ति सर्वेक्षण चौथो सम्बन्धी अधिकृत स्तरीय तालिम	२०८२।१०।११	२०८२।१०।१४	काठमाडौं	शिव नारायण महतो
१३	नेपाल श्रमशक्ति सर्वेक्षण चौथोको गणक/सुपरिवेक्षक तालिम	२०८२।१०।२४	२०८२।११।१७	काठमाडौं	जितेन्द्र बैठा
१४	नेपाल स्थल यातायात सर्वेक्षण २०८२ को सहायकस्तरीय तालिम	२०८२।१०।२५	२०८२।१०।२९	नक्टाझिज, धनुषा	ज्ञानी शाह राजेश कुमार साह
१५	नेपाल स्थल यातायात सर्वेक्षण २०८२ को सहायकस्तरीय तालिम कार्यक्रममा सहभागी भई कार्यपत्र प्रस्तुत	२०८२।१०।२६	२०८२।१०।२९	नक्टाझिज, धनुषा	शिव नारायण महतो

१६	GDP Compilation सम्बन्धी तालिम	२०८२।१०।२६	२०८२।११।०१	खुरखुरे, चितवन	महेश्वर बरई
					रुपेश कुमार झा
१७	आर्थिक गणना अधिकारी र सहायक आर्थिक गणना अधिकारी स्तरीय आर्थिक गणना तालिम	२०८२।११।२३	२०८२।११।२९	काठमाडौं	शिव नारायण महतो
					महेश्वर बरई
					ज्ञानी शाह
					प्रमोद कुमार मण्डल
					जितेन्द्र बैठा
					रुपेश कुमार झा
१८	राष्ट्रिय आर्थिक गणना २०८२ को सहायक स्तरीय तालिम	२०८२।१२।१०	२०८२।१२।१५	इनरुवा, सुनसरी	रंजित कुमार सिंह थारु
					राजेश कुमार साह
					शंकर पंडित
					मनोहर भगत
१९	निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ को सहायकस्तरीय तालिम	२०८३।०१।०८	२०८३।०१।१२	मंगलापुर, रुपन्देही	विजय यादव
					अमरनाथ साह

३.२ तथ्याङ्क समन्वय कार्यालय, धनुषाबाट सञ्चालित तालिम / गोष्ठी तथा अन्य कार्यक्रमहरुको विवरण

क्र.सं.	तालिम/गोष्ठीको नाम	स्थान	सञ्चालन मिति	लाभान्वित सहभागी संख्या			कैफियत
				रा.त.का.	त.स.का.	अन्य निकाय	
१	वार्षिक प्रगति प्रतिवेदन तयारीका लागि कार्यशाला गोष्ठी	तथ्याङ्क समन्वय कार्यालय, धनुषा	२०८२ भाद्र		१५	३	
२	स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	गौशाला बहुमुखी क्याम्पस,गौशाला, महोत्तरी	२०८२ मंसिर	-	५	५१	
३	स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	दामोदरनन्द मोहन बहुमुखी क्याम्पस मिर्चैया, सिरहा	२०८२ मंसिर	-	५	४९	
४	स्थानीय तहमा तथ्याङ्कीय साक्षरता	बरियारपट्टी गाउँपालिका, सिरहा	२०८२ पौष	-	६	४३	

क्र.सं.	तालिम/गोष्ठीको नाम	स्थान	सञ्चालन मिति	लाभान्वित सहभागी संख्या			कैफियत
				रा.त.का.	त.स.का.	अन्य निकाय	
	कार्यक्रम						
५	स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	सुरुङ्गा नगरपालिका, सप्तरी	२०८२ माघ	-	५	४२	
६	स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	श्री जनता माध्यमिक विद्यालय, बेलापट्टी तिनकोरिया, विदेह नगरपालिका, धनुषा	२०८२ फाल्गुन	-	५	३५	
७	तथ्याङ्क दिवस मनाउने	राजर्षि जनक क्याम्पस,जनकपुरधाम , धनुषा	२०८२ पौष १७ गते	-	१५	८५	
८	प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण	जनकपुरधाम उद्योग वाणिज्य संघ, धनुषा	२०८३ जेठ ०७ गते	१	०९	३५	
१०	प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक	तथ्याङ्क समन्वय कार्यालय, धनुषा	२०८३ जेठ ०६ गते	१	३	६	

३.३ आ.व.२०८२/०८३ को कार्यक्रमको प्रगति

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	इकाई	बार्षिक लक्ष्य	वार्षिक प्रगति	कैफियत
			परिमाण	परिमाण	
१	त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	
२	निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	

३	कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	
४	कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च	पटक	४	४	
५	प्रादेशिक राष्ट्रिय लेखा संग सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम	पटक	१		
६	प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीरण (National Accounts)	पटक	१	१	
७	त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षण	प्रतिशत	१००	१००	
८	वार्षिक राष्ट्रिय लेखा तथ्यांक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण	प्रतिशत	१००	१००	
९	प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक	पटक	४	१	
१०	सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	व्यवसायिक तरकारी बाली सर्वेक्षण
११	स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति (२महिनाको लागि)	जना	२	२	स्थलगत यातायात सर्वेक्षण
१२	मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	
१३	सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	नीजि स्वास्थ्य संस्था सर्वेक्षण
१४	स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति	जना	१	१	नीजि स्वास्थ्य संस्था सर्वेक्षण
१५	मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण	प्रतिशत	१००	१००	

	कार्य				
१६	गणक तालिम	पटक	१	१	सहकारी सर्वेक्षण
१७	मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	
१८	सूची अद्यावधिक कार्य	प्रतिशत	१००		सहकारी सर्वेक्षण
१९	गोष्ठी तथा तालिममा सहभागी हुनको लागि दैनिक भ्रमण भत्ता	प्रतिशत	१००	१००	
२०	तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्यको लागि करार जनशक्ति	महिना	३	३	सहकारी सर्वेक्षण ७ जना
२१	तथ्याङ्क सङ्कलन अनुगमन तथा सुपरिवक्षेण	प्रतिशत	१००	१००	आन्तरिक पर्यटन सर्वेक्षण
२२	सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	स्थलगत यातायात सर्वेक्षण
२३	स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति (२ महिनाको लागि)	जना	३	२	व्यवसायिक तरकारी बाली सर्वेक्षण
२४	मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००	१००	
२५	तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम	पटक	२		
२६	आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण	प्रतिशत	१००		
२७	तथ्याङ्क दिवस मनाउने	पटक	१	१	
२८	वार्षिक प्रगति प्रतिवेदन (विद्धुतीय प्रति) तयारी छलफल	पटक	४	४	
२९	स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	स्थानीय निकाय	५	५	
३०	पालिका प्रोफाइल (विद्धुतीय प्रति) तयारीको लागि तथ्याङ्क सङ्कलन र सुपरिवेक्षण	स्थानीय निकाय	२	२	
३१	तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य)	प्रतिशत	१००		

३२	स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन	स्थानीय निकाय	१६	२	
३३	मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	प्रतिशत	१००		अस्थायी बाली सर्वेक्षण

३.४ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित मुख्य कार्यहरु र उपलब्धीहरु

क्र.सं.	मुख्य कार्यहरु	उपलब्धी
१	त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य	त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्कहरु MPI/PPI तयार भएको
२	निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य	निर्माण क्षेत्रको सूचकाङ्क IPICS तयार भएको
३	कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य	कृषि क्षेत्रको सूचकाङ्क API तयार भएको
४	कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च	कृषि क्षेत्रको सर्वेक्षणको मूल्य तथ्याङ्क प्राप्त गर्न सहज भएको
५	प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीरण (National Accounts)	प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीरणबाट मधेश प्रदेशका सरोकारवालाहरुलाई प्रादेशिक लेखाको अवस्था र वृद्धि बारेमा जानकारी प्राप्त भएको
६	त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षण	त्रैमासिक राष्ट्रिय लेखाको अनुमान तयार भएको
७	वार्षिक राष्ट्रिय लेखा तथ्यांक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण	वार्षिक राष्ट्रिय लेखाको अनुमान तयार भएको
८	प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक	प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्रमुख सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय कायम भएको
९	व्यावसायिक तरकारी बाली सर्वेक्षकको सूचीकरण तथा मूख्य फिल्ड कार्य	व्यावसायिक तरकारी बाली सर्वेक्षकको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको

१०	स्थलगत यातायात सर्वेक्षणको सूचीकरण तथा मूख्य फिल्ड कार्य	स्थलगत यातायात सर्वेक्षकको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको
११	निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण सूचीकरण तथा मूख्य फिल्ड कार्य	निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको
१२	सहकारी सर्वेक्षणको मूख्य फिल्ड कार्य	सहकारी सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको
१३	आन्तरिक पर्यटन सर्वेक्षणको मूख्य फिल्ड कार्य	आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको
१४	तथ्याङ्क दिवस मनाउने	तथ्याङ्कीय क्रियकलापको प्रचार प्रसार र तथ्याङ्क क्षेत्रमा कार्यरत रहेका निजामति सेवामा लामो योगदान पुर्याएका कर्मचारीलाई सम्मान प्रदान
१५	वार्षिक प्रगति प्रतिवेदन (विद्युतीय प्रति) तयारी छलफल	आ.व. २०८१/८२ को कार्यक्रम र वित्तीय प्रगतिका बारेमा एकीकृत पुस्तिका तयार भएको
१६	स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	पाँच वटा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता तथा अभिमुकरण भएको
१८	स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन	७ वटा स्थानीय तहले राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्य गरेको

३.५ आ.व. २०८२/०८३ को भौतिक तथा वित्तिय प्रगति

आर्थिक वर्ष २०८२/८३ को बिनियोजित बजेट खर्चको भौतिक प्रगति ९०.१ प्रतिशत र वित्तीय प्रगति ८४.३ प्रतिशत रहेको छ।

३.६ राजस्व संकलन

आर्थिक वर्ष २०८२/०८३ मा यस तथ्याङ्क समन्वय कार्यालय धनुषामा तपसिल बमोजिमको शिर्षकहरुबाट राजस्व प्राप्त भएको छ ।

राजस्व शिर्षक	**राजस्व रकम**
सरकारी सम्पतीको लिलाम बिक्रीबाट प्राप्त रकम	४८,६००
बेरुजु असुल उपर	२७,४८०
जम्मा	**७६,०८०**

३.७ अनुगमन तथा निरीक्षण

तथ्याङ्क समन्वय कार्यालय धनुषा र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन भएका कार्यक्रम कार्यान्वयनको सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालय धनुषा र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट समय समयमा फिल्ड सुपरिवेक्षण र अनुगमनको कार्य हुँदै आएको छ। कार्यक्रमहरूको फिल्ड निरीक्षण गर्दा तथ्याङ्क सङ्कलनकर्ता र उत्तरदाता दुवैसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा थप हौसला अभिवृद्धि हुनुका साथै तथ्याङ्कमा गुणस्तर समेत अभिवृद्धि हुन जान्छ।

गत आर्थिक वर्ष २०८२/०८३ मा तथ्याङ्क समन्वय कार्यालय धनुषाबाट तथ्याङ्क समन्वय अधिकारी शिव नारायण महतो, तथ्याङ्क अधिकृत प्रविण कुमार चौधरी र तथ्याङ्क अधिकृत महेश्वर बरईले विभिन्न कार्यक्रमको फिल्ड अनुगमन गर्नु भएको थियो ।

त्यसैगरी आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक श्री राजन सिलवाल, निर्देशक विनोद शरण आचार्य, निर्देशक कृष्ण तुलाधर, निर्देशक तीर्थ राज बराल, निर्देशक तीर्थ राज चौलागाई, निर्देशक पृथ्वी विजय राज सिजापती, निर्देशक सन्ध्या केसी, निर्देशक शिव श्रेष्ठले कार्यक्रम कार्यान्वयनको अनुगमनको लागि आउनु भएको थियो। त्यसैगरी प्रशासन शाखाको शाखा प्रमुख हरि प्रसाद आर्यालले समेत यस कार्यालयको प्रशासनिक क्रियाकलापको अनुगमन गर्नु भएको थियो। त्यस्तै तथ्याङ्क अधिकृत श्री दीनानाथ लम्साल, प्रकाश पौडेल, गणेश फ्याँल, चन्द्र बहादुर पाल, कुल प्रकाश न्यौपाने, नर बहादुर कुँबर, सुमन्त यादवले समेत विभिन्न कार्यक्रमको संचालन तथा कार्यान्वयनको सन्दर्भमा कार्यालयको समेत अनुगमन गर्नुभएको थियो।

खण्डः चार

जिन्सी सम्बन्धी विवरण

४.१ आ.व.२०८२/०८३ को खर्च भएर नजाने जिन्सी मालसामानको विवरण

क्र.सं.	सम्पत्ति तथा जिन्सी मालसामानको			मौज्दात बाँकी	
	संकेत नं.	नाम	एकाई	परिमाण	जम्मा मूल्य
१	६११२११६००००१	मोटर साइकल	पिस/थान	६	६७५३०१
२	६११२११७००००१	कार	पिस/थान	१	३९७७५००
३	६११२२११००००१	डेस्कटप कम्प्युटर	पिस/थान	११	१४५००४
४	६११२२१२००००१	ल्यापटप	पिस/थान	१३	९८३९३१
५	६११२२१२००००३	ट्याबलेट	पिस/थान	२	४०७८०
६	६११२२१४००००३	राउटर	पिस/थान	२	६५००
७	६११२२१६००००१	टेलिभिजन	पिस/थान	१	८७९९९
८	६११२२१६००००२	टेलिफोन	पिस/थान	१	५००
९	६११२२१८००००१	प्रिन्टर	पिस/थान	१०	१९५०९६
१०	६११२२१८००००२	स्क्यानर	पिस/थान	२	१९९४९
११	६११२२१९००००१	प्रोजेक्टर	पिस/थान	२	४६८९५
१२	६११२२१९०००३७	हार्ड ड्राईभ	पिस/थान	१	१०९००
१३	६११२२२१००००२	सिलिङ पंखा	पिस/थान	१५	३०४६८
१४	६११२२२१००००५	एयर कन्डीसनर	पिस/थान	१	७९८९९
१५	६११२२२१००००७	फ्रिज	पिस/थान	१	२७५००
१६	६११२२२१००००९	यु पि एस	पिस/थान	१	१९०००
१७	६११२२२१०००१०	ब्याट्री	पिस/थान	५	१११००१
१८	६११२२२१०००१५	वाल पंखा	पिस/थान	८	३७२४७
१९	६११२२२१०००२१	स्टेबिलाइजर	पिस/थान	१	१४६९०
२०	६११२२२१०००३६	आइरन	पिस/थान	१	२५००
२१	६११२२२१०००३७	इन्भर्टर	पिस/थान	२	२९०४२
२२	६११२२२१०००५५	स्टेन्ड पंखा	पिस/थान	४	२०८४८
२३	६११२२२१०००७३	मोटर (पानी तान्ने)	पिस/थान	१	१७९३८
२४	६११२२२१००२३३	ए.सी.	पिस/थान	६	५१९७३५
२५	६११२२३५००००१	टेवुल	पिस/थान	१९	१०१४३४
२६	६११२२३५००००२	कुर्चि	पिस/थान	२६	४५०२६
२७	६११२२३५००००३	दराज	पिस/थान	१	१४१२५
२८	६११२२३५००००६	सोफासेट	पिस/थान	५	७४३७७

२९	६११२२३५०००० ९	स्टिल दराज	पिस/थान	२३	१५४७९८
३०	६११२२३५०००११	रिभल्वभिङ चेयर	पिस/थान	१३	१३३५९४
३१	६११२२३५०००१३	टि टेवल	पिस/थान	५	१४६९१
३२	६११२२३५०००१४	कम्प्युटर टेवल	पिस/थान	३	१२८५८
३३	६११२२३५०००१८	खाट पलङ लोबेड	पिस/थान	४	४९७२१
३४	६११२२३५०००१९	च्याक	पिस/थान	४	३.१
३५	६११२२३५०००२७	फुल सेक्रेटरी टेवुल	पिस/थान	१	५००००
३६	६११२२३५०००२८	स्टील दराज	पिस/थान	१	१७१७६
३७	६११२२३५०००४७	भिजिटर टुल	पिस/थान	५	८४७५
३८	६११२२३५०००५५	बुक केश	पिस/थान	१	२०००१
३९	६११२२३५०००५६	भिजिटर चेयर	पिस/थान	८	३४२००
४०	६११२२३५०००८१	अफिस टेवल	पिस/थान	४	८४१८५
४१	६११२२३५००१२८	टि टेबुल	पिस/थान	१	५०८५
४२	६११२२३९०००१८	उजुरी पेटिका	पिस/थान	१	२३००
४३	६११२२३९०००३१	सूचना पाटी	पिस/थान	१	६९२५
४४	६११२२३९०००३५	ग्यास सिलिण्डर	पिस/थान	२	२७७६
४५	६११२२३९०००४२	ग्यास चुल्हो	पिस/थान	२	५८०१
४६	६११२२३९००१३२	डेक्ची	पिस/थान	१	१२९०
जम्मा				**२२९**	**७९३९०६४**

४.२ अभिलेख व्यवस्थापन

४.२.१ निर्णय फाइलहरुको अभिलेख

कार्यालयको प्रशासन फाँट र लेखा फाँटबाट उठान भएका निर्णय फाइल तथा तत् सम्बन्धी कागजातहरुको सुची तथा पञ्जिकरण बनाउने र व्यवस्थित गरी राख्नको लागि ती फाँटहरुमा छुट्टै दराजको ब्यवस्था गरिएको छ। त्यसै गरी स्टाफ मिटिङमा निर्णय भएका र अन्य निकायबाट निर्णय भई प्राप्त हुन आएका कागजातहरुको अभिलेख तयार गरी राखिएको छ।

४.२.२ प्रकाशन तथा प्रतिवेदनहरुको अभिलेख व्यवस्थापन

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित, तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रकाशित र अन्य कार्यालयहरुबाट प्रकाशित भएका पुस्तक तथा प्रतिवेदनहरु केही पुस्तकालय कक्षमा र केही वितरणका लागि सुरक्षित राखिएको छ। त्यस्ता सबै प्रकाशनहरुको अद्यावधिक सूची त्यस कक्षमा कार्यरत सुपरिवेक्षक रुपेश कुमार झाले र निजको अनुपस्थितिमा अन्य कर्मचारीले राख्ने व्यवस्था गरिएको छ।

खण्डः पाँच

जनशक्ति सम्बन्धी विवरण

५.१ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको दरबन्दी विवरण

क्र.सं.	सेवा/समुह	श्रेणी/तह	पद	स्वीकृत दरबन्दी संख्या	कैफियत
१.	नेपाल आ.यो.त./तथ्याङ्क	रा.प. द्वितीय	तथ्याङ्क समन्वय अधिकारी	१	
२.	नेपाल आ.यो.त./तथ्याङ्क	रा.प. तृतीय	तथ्याङ्क अधिकृत	२	
३.	नेपाल आ.यो.त./तथ्याङ्क	रा.प.अनं. प्रथम	सुपरिवेक्षक	४	
४.	नेपाल प्रशासन/लेखा	रा.प.अनं. द्वितीय	सहलेखापाल	१	
५.	नेपाल आ.यो.त./तथ्याङ्क	रा.प.अनं. द्वितीय	गणक	३	
६.	नेपाल प्रशासन/सा.प्र.	रा.प.अनं. द्वितिय	खरिदार	२	
७.	नेपाल प्रशासन/सा.प्र.	श्रेणी विहिन	का.स.	२	
जम्मा				१५	

५.२ तथ्याङ्क समन्वय कार्यालय, धनुषामा कार्यरत कर्मचारीहरूको विवरण

सि.नं.	कर्मचारीको नाम,थर	पद	सम्पर्क नम्बर	ईमेल	कैफियत
१.	शिव नारायण महतो	तथ्याङ्क समन्वय अधिकारी	९८५४०५११५४	shivnarayanjnk@gmail.com	
२.	प्रवीण कुमार चौधरी	तथ्याङ्क अधिकृत	९८४४१९२३५०	prabinjnk@gmail.com	
३.	महेश्वर बरई	तथ्याङ्क अधिकृत	९८४७२६०८७४	baraimaheshwar1@gmail.com	
४.	ज्ञानी शाह	सुपरिवेक्षक	९८४४०६९२८५	gyanishah5@gmail.com	
५.	प्रमोद कुमार मण्डल	सुपरिवेक्षक	९८०७८७१३२६	mpramod391@gmail.com	
६.	जितेन्द्र बैठा	सुपरिवेक्षक	९८५२०५८५५७	jitendrenu43@gmail.com	
७.	रुपेश कुमार झा	सुपरिवेक्षक	९८०७८५३१५२	rupeshsmart33@gmail.com	
८.	विजय यादव	गणक	९८६०८११६२६	vijay90694@gmail.com	
९.	अमरनाथ साह	गणक	९८४४३२९८२९	sahamarnath29829@gmail.com	
१०.	राजेश कुमार साह	गणक	९८४४५६९०६९	rajeshsah2073@gmail.com	

११.	रंजित कुमार सिंह थारू	खरिदार	९८६५०८३४०९	ranjitksingh9@gmail.com	
१२.	मनोहर भगत	खरिदार	९८४४५३४५२६	bhagatmanohar019@gmail.com	
१३.	शंकर पण्डित	सहलेखापाल	९८१९८१६९१४	shankarpandit341@gmail.com	
१४.	सेठलाल दास	का.स.	९८१४२२२९८२	-	
१५.	अमित कर्ण	का.स.	९८४२८३८८६१	akarna867@gmail.com	करार
१६.	दुखिया राईन	ह.स.चा.	९८०९६६१२०३	-	करार

खण्डः छ

विविध

६.१ तथ्याङ्क समन्वय कार्यालय, धनुषाको स्थापना भएपछि हालसम्मका कार्यालय प्रमुखहरुको विवरण

क्र.सं.	पद	नाम,थर	देखि	सम्म	कैफियत
१.	तथ्याङ्क समन्वय अधिकारी	तिर्थराज चौलागाईं	२०८१/०४/०१	२०८१/०७/०२	
२.	नि. तथ्याङ्क समन्वय अधिकारी	प्रवीण कुमार चौधरी	२०८१/०७/०३	२०८२/०२/०४	
३.	नि. तथ्याङ्क समन्वय अधिकारी	शिव नारायण महतो	२०८२/०२/०५	२०८२/०३/०७	
४.	तथ्याङ्क समन्वय अधिकारी	शिव नारायण महतो	२०८२/०३/०८	हालसम्म	

६.२ पुस्तकालयको स्थापना र प्रयोग

तथ्याङ्क समन्व कार्यालय, धनुषामा पुस्तकालय तथा सुचना कक्षको स्थापना गरिएको छ। कार्यालयको दोस्रो तलामा पुस्तकालय तथा सूचना कक्ष रहेको छ। पुस्तकालयमा कुर्ची, टेबल आदिको व्यवस्था गरी सर्वसाधारणहरुलाई अध्ययन गर्न सर्वसुलभ गरिएको छ। पुस्तकालयमा मागेको बखत तथ्याङ्क उपलब्ध गराउने गरी कर्मचारीको व्यवस्था समेत गरिएको छ। पुस्तकालयको अभिलेख व्यवस्थापनको जिम्मेबारी कार्यालयको सुपरिवेक्षक रुपेश कुमार झालाई तोकिएको छ। कार्यालय समय भरी पुस्तकालय कक्ष खुला रहने गरेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशन, तथ्याङ्क समन्वय कार्यालयहरुको प्रकाशन र अन्य निकायका प्रकाशनहरु पुस्तकालयमा राखिएको छ।

६.३ तथ्याङ्कीय परामर्श

यस कार्यालयबाट मधेश प्रदेशका प्रदेश नीति तथा योजना आयोग, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लगायत विभिन्न मन्त्रालय तथा निर्देशनालयहरु, जिल्ला स्थित तथ्याङ्क उत्पादन गर्ने निकायहरु जस्तै- जिल्ला समन्वय समितिको कार्यालयमा रहेको सूचना तथा अभिलेख केन्द्र, शिक्षा विकास तथा समन्वय ईकाइ, कृषि ज्ञान केन्द्रको योजना शाखा, जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्क शाखा, अन्य संघसंस्थाहरु आदिमा कार्यरत जनशक्तिहरुलाई आवश्यक पर्दा तथ्याङ्कीय राय सल्लाह तथा परामर्श दिदैं आएको छ। जिल्लामा रहेका क्याम्पस तथा विद्यालयहरुलाई जनसङ्ख्या तथा तथ्याङ्कको बारेमा आवश्यकता अनुसारको अवधारणा तथा परामर्श दिदै आएको छ। उपलब्य भएसम्म जिल्ला स्थित हरेक सरकारी निकाय र राजनैतिक दलका कार्यालयमा तथ्याङ्कहरुको बुकलेट वा प्रकाशनहरु उपलब्ध गराइएको छ।

६.४ अन्य कार्य

जिल्ला स्तरमा संचालन हुने कार्यालय प्रमुखको बैठक र अन्य संघसंस्थाहरुबाट संचालित कार्यक्रम, गोष्ठी, बैठक आदिमा कार्यालयको तर्फबाट सहभागिता हुँदै आएको छ।

६.५ सूचना अधिकारी

नेपाल सरकारले सुशासन र पारदर्शिताको अपेक्षा सहित सूचनाको हक सम्बन्धि ऐन, २०६४ जारी गरेको छ। सूचनाको हक सम्बन्धि ऐन अन्तर्गत प्रत्येक सार्वजनिक निकायले सो निकायसंग सम्बन्धित सूचना व्यवस्थापन गर्न तथा नागरिकले मागेको सूचना उपलब्ध गराउन एक सुचना अधिकारीको व्यवस्था गर्नुपर्दछ। सूचनाको हकको कार्यान्वयनका लागि ऐन बमोजिम नियुक्त हुने उक्त अधिकारी नै सूचना अधिकारी हो। आफ्नो निकायमा रहेको वा आफ्नो निकायसंग सम्बन्धित कुनै सूचना माग भएको अवस्थामा उक्त सूचना उपलब्ध भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भए सोको कारण खोली निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र उपलब्ध गराउनुपर्दछ।

यस तथ्याङ्क समन्वय कार्यालय, धनुषाले समेत सूचनाको हक कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धि ऐन, २०६४ अनुसार यस कार्यालयका सुपरिवेक्षक श्री ज्ञानी शाहलाई सूचना अधिकारीको रुपमा जिम्मेवारी प्रदान गरिएको छ। सुचना अधिकारीलाई कार्यालयको तर्फबाट मोबाइल सीम उपलब्ध गराउनुका साथै हरेक महिना कार्यालयबाट त्यसमा रु. ५००।- को रिचार्ज गरिदै आएको छ। सुचना अधिकारी ज्ञानी शाहले यस कार्यालयमा माँग भएका सूचनाहरु समयमै उपलब्ध गराउँदै आउनु भएको छ। सूचना अधिकारी कार्यालयमा उपस्थित नहुँदा समेत सूचना माग्न आउनेलाई कार्यालय प्रमूख तथा अन्य कर्मचारीहरुले सो सम्बन्धि सूचना समयमै उपलब्ध गराउँदै आइरहेको छ। हालसम्म कसैले पनि यस कार्यालयबाट आवश्यक सूचना नपाएको भनि उजुरी दिएको छैन।

६.६ सूचना प्रविधि

सूचना प्रविधिको तीव्र विकासले मानव जीवनका हरेक क्रियाकलापमा व्यापक परिवर्तन आएको छ। सूचना प्रविधि संचालन गर्नका लागि आवश्यक पर्ने सबै भौतिक साधन स्रोत तथा संरचनाहरुको व्यवस्थापन यस कार्यालयमा गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तोकिएको फिल्ड कार्य समयमै सम्पन्न गरी फारमहरुलाई तोकिएको ढाँचामा प्रविष्टी गरी पठाउने गरिदै आएको छ। यसै सन्दर्भमा कार्यालयका कामकारबाहीलाई समेत छिटो, छरितो र पारदर्शिता बनाउनका लागि यस कार्यालयको वेवसाइट निर्माण गरिएको छ। यसमा नियमित रुपमा कार्यालयबाट संचालन भएका कार्यक्रमहरु, प्रकाशनहरु तथा सूचनाहरु अपडेट गरिँदै आएको छ। यस कार्यालयको वेवसाइट https://scodhanusha.nsonepal.gov.np/ रहेको छ। वेवसाइटमा

विवरणहरु नियमित रुपमा अपडेट गर्नका लागि यस कार्यालयले सुपरिवेक्षक श्री ज्ञानी शाहलाई जिम्मेवारी तोकेको छ।

६.७ समस्या र समाधानका उपाय

६.७.१ समस्या

यस कार्यालयबाट सेवाग्राहीलाई दिइने सेवाहरु तथा त्यसको व्यवस्थापनको सम्बन्धमा निम्न समस्या रहेका छन्।

- सेवाग्राहीको माँग बमोजिम प्रकाशनहरु निःशुल्क उपलब्ध गराउन पर्याप्त प्रकाशन नहुनु तर सःशुल्क बिक्री वितरणको माग न्यून रहनु।
- बजेट अभाव तथा स्पष्ट कार्यविधिको अभावमा कार्यालयबाट संचालन हुने गोष्ठी तथा अन्य कार्यक्रममा सहभागीहरुलाई सहभागी भत्ता वा यातायात खर्च उपलब्ध गराउन नसक्दा कार्याक्रममा सहभागीहरुको व्यापक गुनासो हुने तथा कार्यक्रममा सहभागीता बढाउन समस्या रहेको।
- कार्यालय रहेको सदरमुकाममा जनकपुरधाम र सो वरिपरी १५ कि.मी. भित्रको स्थलगत तथ्याङ्क सङ्कलन गर्न कर्मचारीहरुलाई भ्रमण भत्ता वा यातायात भत्ता उपलब्ध गराउने मापदण्ड नहुँदा सो क्षेत्रको काम गर्न कर्मचारीहरु स्वःस्फुर्त रुपमा उत्प्रेरित नहुने।
- सेवाग्राहीहरु कार्यालयमा कम आउने हुँदा उनीहरुको वास्तविक समस्या पहिचान गर्न गाह्रो भएको।
- तथ्याङ्क सम्बन्धी जनचेतना कम हुँदा वितरित प्रकाशनहरु सदुपयोग कम हुन सक्ने देखिएको छ।
- राज्यको तथ्याङ्क उपलब्ध गराउने आधिकरीक श्रोत तथ्याङ्क समन्वय कार्यालय नै हो भन्ने चेतना जनमानसमा नरहेको।
- कतिपय डाटा प्रदायक निकाय तथा उत्तरदातालाई तथ्याङ्कको महत्वको बारेमा थाह नहुँदा तथ्याङ्क सङ्कलनको क्रममा उत्तरदाताले डाटा दिन हिचकिचाउने तथा आनाकनी गर्ने गरेको पाईन्छ।
- आफ्नै कार्यालयको भवन अभावले प्रभावकारी रुपमा कार्यालय संचालन तथा जिन्सी व्यवस्थापनमा समस्या भएको।
- कार्यालयका प्राविधिक कर्मचारीहरुलाई प्रविधिको प्रयोग सम्बन्धि समसमायिक तालिम दिन नसकेको।
- कार्यालयमा चार पाङ्ग्रे सवारी साधन एक वटा भए पनि मोटर साइकल तीन वटा मात्रै चालु अवस्थाको रहेको।

६.७.२ समाधानका उपाय

- जनतालाई दिइने सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नको निमित्त राष्ट्रीय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रकाशनहरु र तथ्याङ्क समन्वय कार्यालयमा उपलब्ध सूचना तथा तथ्याङ्कलाई वडा स्तरीय सचेतना कार्यक्रम संचालन गरी वितरण गरिनु पर्दछ।
- तथ्याङ्क उत्पादनकर्ता र तथ्याङ्क प्रयोगकर्ता बीच बेलाबेलामा अन्तर्क्रिया कार्यक्रमहरु संचालन गरिनु पर्दछ।

- जिल्ला तथ्याङ्क समन्वय समितिलाई कानुनी अधिकार दिई सक्रिय बनाउने नीतिगत व्यवस्था गरिनु पर्दछ।
- तथ्याङ्क सेवालाई सर्वसुलभ र सरल गराउन जिल्ला स्तरीय प्रकाशनहरु नेपाली भाषामा हुनु पर्दछ।
- तथ्याङ्कहरु स्थानीय मागमैत्री बनाउन तथ्याङ्क सेवा सुदृढीकरण कार्यक्रम सहितको अनुगमन तथा मूल्याङ्कन कार्य अगाडि बढाउनु पर्ने देखिन्छ।
- आम जनमानसलाई तथ्याङ्कको महत्वको बारेमा बुझाउन तथ्याङ्कीय साक्षरता कार्यक्रमहरु संचालनमा जोड दिनुपर्ने देखिन्छ।
- कार्यालयको आफ्नै प्रशासनिक भवनको निर्माण गर्नुपर्ने।
- कार्यालयका प्राविधिक कर्मचारीहरुलाई बढ्दो आधुनिक प्रविधिको प्रयोग गरी तथ्याङ्क व्यवस्थापनका लागि नियमित रुपमा समसमायिक तालिम दिनुपर्ने।
- कार्यालय रहेको सदरमुकाममा जनकपुरधाम र सो वरिपरी १५ कि.मी. भित्रको स्थलगत तथ्याङ्क सङ्कलन गर्नका लागि कर्मचारीहरु उत्प्रेरित गरी खटाउन केही भ्रमण भत्ता वा यातायात भत्ता उपलब्ध गराउने मापदण्ड बनाउनु पर्ने।
- कार्यालयमा कम्तिमा चालु अवस्थाको ५ वटा मोटरसाइकल हुनुपर्ने।

अनुसुचीहरु

अनुसुची १. नागरिक वडापत्र

क्र.सं.	सेवाका प्रकार	पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने समय	लाग्ने दस्तुर	जिम्मेवार फाँट/कर्मचारी	कैफियत
१.	गणना सम्बन्धि सूक्ष्म कोरा तथ्याङ्क बिक्री	सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र	(क) नेपाल स्थित विद्यालय/क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी - रु. ४,०००।- (ख) नेपाल स्थित विद्यालय/क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपालीनागरिक -रु. ५,०००।- (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था-रु. ८,०००।-	तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	
२.	सर्वेक्षण सम्बन्धि सूक्ष्म कोरा तथ्याङ्क बिक्री	सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र	(क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी -रु. २५००।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरिक-रु. ३०००।- (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था -रु. ५०००।-	तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	
३.	सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने	लिखित निवेदन र निर्णयको प्रतिलिपी			तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने
४.	प्रकाशन वितरण	लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	निवेदन प्राप्त भएकै दिन	निःशुल्क	प्रशासन फाँट	
५.	पुस्तकालय सेवा	परिचय खुल्ने कागजात	कार्यालय समयभित्र	निःशुल्क	प्रशासन फाँट	

- कार्यालयको नामः तथ्याङ्क समन्वय कार्यालय, धनुषा
- फोन नम्बरः ०४१-५९०८०४(९०४)
- इमेल ठेगानाः scodhanusha@gmail.com

अनुसुची २. कार्यालयसम्म जाने नक्सा



तथ्याङ्क समन्वय कार्यालय, धनुषा

अनुसुची ३. आ.व. २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित प्रकाशनहरु

पालिका प्रोफाइलहरुको डिजिटल कपी तयारी र प्रकाशन

क) महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका

ख) सिरहा जिल्लाको धनगढीमाई नगरपालिका

अनुसुची ४. आ.व. २०८२/८३ मा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम

क) महोत्तरी जिल्लाको गौशाला नगरपालिका

ख) धनुषा जिल्लाको विदेह नगरपालिका

ग) सिरहा जिल्लाको मिर्चैया नगरपालिका

घ) सिरहा जिल्लाको बरियारपट्टी गाउँपालिका

ङ) सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिका

अनुसुची ५. तथ्याङ्क दिवस कार्यक्रम

क) जनकपुरधाम उपमहानगर पालिकाभित्र रहेका माध्यमिक विद्यालयहरुका विद्यार्थीहरुबीच १६ वटा विद्यालयहरुको सहभागितामा हाजिरी जवाफ प्रतियोगिता तथा प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्थान हासिल गरेका टीमहरुलाई नगद पुरस्कार, मेडल र प्रमाणपत्र वितरण कार्यक्रम

ख) पच्चीस वर्ष सेवा अवधि पुरा गरेका वहालबाला कर्मचारीहरु तथ्याङ्क अधिकृत प्रविण कुमार चौधरी, सह लेखापाल शंकर पण्डित र कार्यालय सहयोगी सेठलाल दास तत्मालाई कदरपत्र प्रदान तथा सम्मान कार्यक्रम।

तस्विरहरू

१. तथ्याङ्क दिवस २०८२ को उपलक्ष्यमा आयोजित माध्यमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता



२.सहकारी सर्वेक्षण २०८२/८३ को सन्दर्भमा प्रश्नावली अभिमुखीकरण सम्बन्धि तालिम



३.राष्ट्रिय आर्थिक गणना २०८२ सम्बन्धि अन्तर्क्रिया कार्यक्रम



४.तथ्याङ्क दिवस २०८२ को उपलक्ष्यमा आयोजित माध्यमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिताका विजेताहरु



५. गौशाला नगरपालिकामा संचालित "स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम"



६.सिरहा जिल्लाको मिर्चैया नगरपालिकामा संचालन गरिएको "स्थानीय तहमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी गोष्ठी"



७. तथ्याङ्क दिवस २०८२ को उपलक्ष्यमा आयोजित हाजिरी जवाफ प्रतियोगिताका सहभागीहरु



८. मधेश प्रदेश वस्तुगत विवरण २०८२ मधेश प्रदेश अर्थ सचिवज्यूलाई हस्तान्तरण



केहि प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू



छिन्नमस्ता भगवती मन्दिर, सप्तरी



सहलेस फुलवारी, सिराहा



जानकी मंदिर, धनुषा



जलेश्वरनाथ महादेव मंदिर, महोत्तरी